# सम्पादकीय

नारी समाजको निर्माता, संस्कृतिका संवाहक र परिवर्तनका अग्रदूत पनि हुन्। यद्यपि हजारौँ वर्षदेखि पितृसत्तात्मक सामाजिक संरचनाले नारीलाई बारम्बार थिचिरह्यो, स्वतन्त्रताको बन्धनमा राखिरह्यो। नारीका आवाजलाई दबाउँदै आयो र उनीहरूको पहिचानको अधिकार पुरुषकेन्द्रित व्यवस्थाले आफ्नो मुट्ठीमा पारिरह्यो। नेपाली समाज महिलाको अधिकार र समानताको सवालमा आज पनि जटिल सङ्क्रमणको अवस्थामा उभिएको छ। एकातर्फ संविधानले लैङ्गिक समानताको सुनिश्चितता गरेको छ, राजनीतिक प्रतिनिधित्वमा आरक्षणका प्रावधान छन् र महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् । अर्कातर्फ छाउपडीजस्ता अमानवीय प्रथाहरूले अझै जरो गाडेर बसेका छन्, साइबर संसारमा महिला हिंसाका नयाँ रूपहरू उदाउँदै छन्। पुँजीवादी व्यवस्थाले नारी शरीरलाई बजारको वस्तु बनाउने क्रम जारी छ। यस्तो विरोधाभासी यथार्थलाई विद्वत्तापूर्ण दृष्टिले विश्लेषण गर्नु आजको अनिवार्य आवश्यकता हो । यसैलाई मध्यनजर गरेर यो नारी विशेषाङ्कको परिकल्पनासहित सचेत नेपाली महिला लेखकका नारी अधिकार, स्वतन्त्रता र समताको लागि गरिएका विभिन्न प्रयास र उपलब्धिलाई अनुसन्धानात्मक ढाँचामा समेट्ने प्रयास गरिएको छ।

प्रस्तुत विशेषाङ्कमा समेटिएका लेखहरूले नारी जीवनका बहुआयामिक पक्षलाई सम्बोधन गर्छन् । साइबर संस्कृतिमा महिला हिंसाको अध्ययनले डिजिटल युगमा उत्पन्न नवीन चुनौतीहरूलाई उजागर गर्छ, जहाँ भर्चुअल संसार भौतिक हिंसाभन्दा बढी क्रूर छ । सांस्कृतिक रूपान्तरण र भाषिक संरचनामा नारीको भूमिकासम्बन्धी लेखले यो समाजको सांस्कृतिक तथा भाषिक निर्माणमा नारीको योगदान ऐतिहासिक रूपमा अदृश्य बनाइएको तथ्य प्रस्तुत गरेको छ। समाज विकासमा साहित्यकारको योगदानसम्बन्धी आलेखले नारीविमर्शलाई साहित्यिक आन्दोलनसँग जोड्दछ । नेपाली साहित्यमा पारिजात, पद्मावती सिंह, बानिरा गिरीदेखि आजका स्रष्टासम्मको यात्रा नारीचेतनाको विकासक्रमको साक्षी हो । समाज, साहित्य र लैङ्गिकताको अन्तर्सम्बन्धमा केन्द्रित लेखले यही परम्पराको वैचारिक विस्तार गर्दछ। छाउपडी प्रथाको विश्लेषण गरिएको लेखले सामाजिकीकरणका बाधकहरूको मूलमा रहेको सांस्कृतिक हिंसालाई व्यक्त गर्छ। यो प्रथा शारीरिक यातनाको प्रश्न मात्र नभै नारी शरीरलाई अपवित्र मान्दै उनको गरिमालाई नष्ट गर्ने षड्यन्त्र भएको पुष्टि गर्छ।

यसै सन्दर्भमा पुँजीवादी व्यवस्थामा शरीर राजनीतिसम्बन्धी लेखले नारी शरीरको वस्तुकरणलाई आर्थिक तथा वैचारिक शक्तिसँग जोडेर हेर्छ। महिला सशक्तीकरणमा पुस्तान्तरणको प्रभाव र उद्यमशीलता–सम्बन्धी अध्ययनहरूले नारीको आर्थिक तथा सामाजिक पहिचान निर्माणको प्रश्नलाई व्यावहारिक धरातलमा उतार्छन्। जर्नलमा समाविष्ट आदिवासी जनजाति महिलाको राजनीतिक प्रतिनिधित्व र मगर संस्कृतिमा नारी पहिचान–सम्बन्धी लेखले नारीवादी विमर्शलाई बहुलतावादी दृष्टिकोणसँग जोडेको छ । नेपालजस्तो बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक देशमा भुइँतहका महिलाको अनुभव, उनको भाषा र उनको सङ्घर्षलाई केन्द्रमा राख्नु आवश्यक छ।

सकारात्मक विभेदसम्बन्धी लेखले राज्यको नीतिगत जिम्मेवारीलाई प्रश्न गरेको छ। सुदूरपश्चिम प्रदेशको सामाजिक–

सांस्कृतिक रूपान्तरण र घट्दो जनसङ्ख्यामा महिला प्रजनन्को प्रभावसम्बन्धी अध्ययनले क्षेत्रीय विशिष्टतालाई सैद्धान्तिक विमर्शसँग जोड्नुका साथै सामाजिक विकासमा महिला सहभागिता र न्यायमूलक समाजमा लैङ्गिक समता तथा समानता शीर्षकको लेखले नीतिगत जिम्मेवारीको प्रश्न गरेका छ।

यस विशेषाङ्कमा समाविष्ट लेखहरू विभिन्न विश्वविद्यालय, अनुसन्धान संस्था र क्षेत्रीय समुदायबाट आएका विद्वान् तथा अनुसन्धाताहरूका शोधमूलक लेख हुन्। यी लेखहरू विज्ञसमीक्षकको टिप्पणीअनुसार प्रक्रियागत रूपमा परिमार्जित भएका छन्। सम्पादन मण्डलको मेहनत र लेखक तथा विज्ञहरूका विद्वत्तापूर्ण प्रयासले यो समाज अन्वेषण नारी विशेषाङ्कको प्रकाशन सम्भव भएको हो। यस अङ्कमा समावेश भएका लेखहरूले उठाएका विषय नारीको मात्र सरोकार नभई एउटा न्यायपूर्ण, समतामूलक र मानवीय समाजको निर्माणको सामूहिक आवाहन हो। यस विशेषाङ्कले नेपालका शैक्षिक क्षेत्र, नीतिनिर्माण तह र सचेत पाठक वर्गमा एउटा सार्थक बहस सृजना गर्नेछ भन्ने विश्वाससहित आवश्यक सल्लाह सुझावको अपेक्षा गर्दछु।

यद्यपि यस जर्नलमा समावेश गरिएका लेखहरूमा व्यक्त विचार तथा सन्दर्भसामग्रीका सम्बन्धमा लेखकहरू स्वयम् जिम्मेवार रहनुहुनेछ। यो अङ्क तयार पार्न सहयोग गर्ने सम्पूर्ण लेखक, विज्ञ समीक्षक, कार्यकारी सम्पादक, सम्पादन मण्डल र प्रकाशनमा संलग्न कर्मचारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

*प्रधान सम्पादक*